लोकतन्त्र, मानवअधिकार : स्वतन्त्र र निष्पक्ष समाचार
लोकप्रिय समाचार
Lokpriya Samachar Daily
सिन्धुपाल्चोक जिल्लाको पहिलो दैनिक पत्रिका
हुलाक दर्ता नं: २६
सि.पा, जिल्ला हुलाक कार्यालय
२०८० फागुन १३ गते अ
2024 February 25 Su

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

## चौतारा, सिन्धुपाल्चोक

## कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताब आव्हान सम्बन्धि सूचना !

**सूचना प्रकाशित मितिः २०८०/११/१३**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, सिन्धुपाल्चोकको चालु आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनकालागि कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत “कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०“ बमोजिम योग्यता पुगेको इच्छुक कृषि उद्यमि/यूवा/फर्महरूले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र (२०८०/१२/१२ गतेभित्र) चौतारा, सिन्धुपाल्चोक स्थित यस कार्यालय वा गोदामचोक, बनेपा, काभ्रेपलाञ्चोक स्थित सम्पर्क कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि -३ अनुसारको ढाँचामा कार्यक्रम माग गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल :**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० बर्ष उमेर समूहभित्रका कृषक/कृषि उद्यमी | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभरी | कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०को दफा ६ मा उल्लेख भए बमोजिम (आवश्यकता र संभावनाको आधारमा प्राथमिकीकरण/ घटाउन सकिनेछ) | स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कूल लागतको बढीमा पचास प्रतिशत वा प्रति प्रस्ताव बढीमा चार लाख रूपैंया नबढनेगरी र अनुदान सहयोग रकम बढीमा दुई किस्तामा शोधभर्ना गरिने । |

**निबेदन साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव (आवश्यकतानुसार थप गर्न सकिने) ।
२. निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि तथा निवेदकको तिनपुस्ते विवरण खुल्ने कागजातहरू (नागरिकता/आधिकारिक परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि)
३. कार्यक्रम संचालनकालागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा ऐलानी भएमा स्थानिय तहको सिफारिस तथा भाडा/अधिया/भोकबन्दीमा जग्गा भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित स्थायी संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि गरिएको आधिकारीक सम्झौतापत्रको प्रतिलिपि)
४. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि र उद्यम वा ब्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.ब.को कर चुक्ता विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरू ।
५. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित संस्थाको सिफारिस पत्र ।

अन्य बिस्तृत जानकारी तथा प्रस्तावको नमूना ढाँचा **download** गर्नको लागि परियोजनाको **Website www.pmamp.gov.np** वा **www.piusindhupalchowk.pmamp.gov.np** हेर्नुहुन ।

**कार्यालय सम्पर्क नं.: 011–620125 (सिन्धुपाल्चोक), 011–662449 (काभ्रे)**